नेपाल सरकार
सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाडौं

# प्रेश वक्तव्य

नव नियुक्त सामान्य प्रशासन मन्त्री माननीय टेक बहादुर बस्नेत ज्यूले आज सामान्य प्रशासन मन्त्रालयमा आफ्नो पदभार ग्रहण गर्नु भयो । सामान्य प्रशासन मन्त्रीको रुपमा पदभार ग्रहण गर्न मन्त्रालय पुग्नु भएका नवनियुक्त मन्त्रीलाई सामान्य प्रशासन मन्त्रालयमा सचिव श्री मोहन कृष्ण सापकोटाले स्वागत गर्नुभयो । सो अवसरमा सामान्य प्रशासन मन्त्रालयका बरिष्ठ अधिकृत लगायत सम्पुर्ण कर्मचारीहरुले एवं सामान्य प्रशासन मन्त्रालय अन्तरगतका निकायका प्रमूखहरुले मन्त्रालय परिसरमा नवनियुक्त मन्त्रीको स्वागत गर्नु भएको थियो । पद भार ग्रहण लगतै नवनियुक्त मन्त्री माननीय टेक बहादुर बस्नेत समक्ष मन्त्रालयका सचिव श्री मोहन कृष्ण सापकोटाले सामान्य प्रशासन मन्त्रालयको कामकारबाही र बर्तमान समयमा मन्त्रालयको भूमिका विषयमा संक्षिप्त प्रस्तुतीकरण गर्नु भयो । संघीयतामा प्रशासनिक पुनसंरचनालाई कार्यान्वयनमा लैजान मन्त्रालयले विभिन्न समितिहरु मार्फत कार्यगरी रहेको जानकारी प्रदान गर्नु भयो । संघीय स्वरुप अनुरुपको प्रशासनिक संरचना तयार गरी कर्मचारीको समायोजन लगायतका कार्यका लागि कर्मचारी समायोजन विधेयक संसदको राज्य व्यवस्था समितिमा विचाराधिन रहेको र अन्य सेवा सञ्चालनका ऐन तर्जुमाका लागि समेत मन्त्रालयबाट गृहकार्य भइरहेको जानकारी गराउनु भयो । यस क्रममा सचिव श्री सापकोटाले मन्त्रालयको कर्मचारी संयन्त्र नव नियुक्त मन्त्रीज्यूको अभिभाबकत्व र राजनैतिक नेतृत्वमा सदैब सकृय रहने प्रतिवद्धता व्यक्त गर्नु भयो । पदभार ग्रहणसँगै मन्त्रालयमा उपस्थित कर्मचारीहरुलाई सम्वोधन गर्दै नवनियुक्त मन्त्री माननीय टेक बहादुर बस्नेतले बर्तमान समयमा संघीयता कार्यान्वयनका लागि सामान्य प्रशासन मन्त्रालयको भूमिका अत्यन्त महत्वपूर्ण रहेको कुरा बताउनु भयो । संघीयताको प्रभावकारी कार्यान्वयनका लागि कर्मचारी संयन्त्रको भूमिका अहम् हुने र स्थानीय तहको निर्वाचन पछि स्थानीय तहमा जनप्रतिनिधिको उपस्थितीलाई जनताको सेवा प्रवाहमा प्रभावकारी रुपमा स्थापित गर्न कर्मचारीले विना आग्रह र पूर्वाग्रह सरकारले दिएको जिम्मेवारी पुरा गर्न दत्तचित्त भएर लाग्नु पर्ने बताउनु भयो । विगतको नियमित कामकारवाहीले मात्र अहिलेको चुनौती सामना गर्न नसकिने भएकोले अझ बढि सकृयताका साथ काम गर्नु आवश्यक रहेकोहुदा यसमा सबैको सक्रिय भूमिका रहने विश्वास वहाँले व्यक्त गर्नुभयो । कर्मचारीलाई उनीहरुको कामको मुल्यांकनबाट प्रभावकारी पुरस्कार र दण्डको व्यवस्था गरी सुशासन कायम गर्न सबैको सहयोग प्राप्त हुने विश्वास व्यक्त गर्नु भयो ।